चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

चौरजहारी नगर पालिका नगर कार्यपालिकाको कार्यालय चौरजहारी, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

## चाडपर्वको अवसरमा चौरजहारी नगरवासीहरूमा अनुरोध !

**(प्रकाशन मिति : २०८०/०७/०३ गते)**

हिन्दूहरूको महान् चाड वडा दसैं, शुभ दिपावली र छठ पर्वको अवसरमा स्वदेश तथा विदेशमा बस्ने चौरजहारी नगरवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी, शिक्षक, कर्मचारी, व्यापारी, वुद्धिजीवि, सुरक्षाकर्मी, पत्रकारसहित समस्त नेपालीहरूमा विकास, सुशासन र सामाजिक न्याय कायम गर्न आपसी सदभावका साथ सुख शान्ति र समृद्धिको शुभेच्छासहित हार्दिक शुभकामना ! सचेत, सभ्य र सुसंस्कृत नागरिकको पहिचान दिलाउन तपसिलबमोजि गर्नु / गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. चाडपर्वलाई हैसियत प्रदर्शन गर्ने अवसरका रूपमा नलिइ भड्किलो र आर्थिक रूपमा बोझिलो नबनाऔं ।
२. चाडपर्वको समयमा हुनसक्ने चोरी र ठगीबाट सर्तक बनौं ।
३. कुनै पनि सामान खरिद गर्दा उत्पादकको नाम, ठेगाना, दर्ता, मिश्रण, परिमाण, तौल, मूल्य, उत्पादन मिति, उपभोगको म्याद समाप्त हुने मिति हेरेर मात्र खरिद गरौं ।
४. वस्तु वा सेवाको प्रयोगबाट भएको हानी नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार र क्षतिपूर्ति दिनु विक्रेताको कर्तव्य हो ।
५. विक्रेताले वस्तु वा सेवाको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु विक्रेताको कर्तव्य र हेर्न पाउनु उपभोक्ताको अधिकार हो ।
६. कम नापतौल, कालोबजारी, नाफाखोरी, मूल्यवृद्धि, मिसावट, कृत्रिम अभाव सृजना गर्ने कार्य कानुनबमोजिम दण्डनीय अपराध हो ।
७. कुनै पनि सामान खरिद गरी सकेपछि अनिवार्य रूपमा बिल लिने र दिने बानी बसालौं ।
८. उपभोक्ता हित विपरीत कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं, सोको आधार प्रमाणसहित वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलफ्री नं. ११३७ वा चौरजहारी नगरपालिकाको २४ सैं घण्टा खुला रहने कल सेन्टर ९८५८०६७२११ मा सम्पर्क गरौं ।
९. सवारी साधनमा यात्रा गर्दा सवारी साधनको क्षमताभन्दा बढी सवारी ओसारपसार नगरौं ।
१०. सामाजिक सदभाव र भाइचाराको सम्बन्ध कायम गरी चाडपर्वलाई उल्लासमय रूपमा मनाऔं ।
११. बालबालिकाहरूलाई स्व:अध्ययनमा प्रेरित गरी पठन संस्कृतिको विकास गर्ने वातावरण सृजना गरौं ।
१२. मदिरापान गर्ने कार्यलाई निरुत्साहित गरी शान्त, सभ्य र समुन्न समाजको परिचय दिऔं ।

२०८०/०७/०३
शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत